संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल कार्तिक ११ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले क्रमशः देखिन थालेको जलवायू परिवर्तनका असरहरु, देशका विभिन्न स्थानमा हालै आएको अविरल वर्षाका कारण भएको जनधनको क्षति, प्रभावितलाई राहत, उद्धार तथा पुनर्स्थापना लगायतका विषयहरु, आम जनजिविकाका विभिन्न समस्याहरुका साथै समसामयिक महत्वपूर्ण विषयहरुमा सदनमा छलफल गरी समस्या समाधान गर्नु गराउनु सदन एवं मा० सदस्यहरुको प्रमुख जिम्मेवारी भएकोतर्फ गम्भिरतापूर्वक मनन् गर्न आग्रह गर्दै सदनको नियमित अवरोधलाई अन्त्य गरी सभाको बैठकलाई सहजतापूर्वक सञ्चालन गर्ने वातावरण बनाउन मा० सदस्यहरुलाई अनुरोध गर्नुभयो ।

साथै उहाँले सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित हुन पुगेका छन् । संसदका कार्यहरु प्रत्यक्ष रुपले आम सरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन । यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दै नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु प्रति पुनः ध्यानाकर्षण गराउनु भयो । आफ्ना कुराहरु विधि, पद्धति एवं प्रक्रिया सम्मत रुपमा सदनमा राख्न तथा आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनमा सहयोग पुऱ्याउन समेत अनुरोध गर्दै सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रति निराशा हुनसक्ने तर्फ हामी सबै सचेत हुन जरुरी छ । माननीय सदस्यहरुको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विश्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले नाराहरुकै बीच राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री श्री गजेन्द्रबहादुर हमालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिशमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मिति : २०७८/०६/२५ (तोयनारायण ज्ञवाली)
> सचिव

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले नेपालको संविधानको धारा २९४ बमोजिम "राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७७/७८" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सभाबाट स्वीकृत भयो ।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | अवधि | कारण |
|---|---|---|---|---|
| १. | मा० श्री झलनाथ खनाल | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै उपचाररत |
| २. | मा० श्री कर्मा घले | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै विदेशमा उपचाररत |
| ३. | मा० श्री प्रदिप गिरी | २०७८।५।२३ देखि २०७८।०७।११सम्म | १३ बैठक | विरामी भै विदेशमा उपचाररत |

तदनन्तर अर्को बैठक २०७८ साल कार्तिक २९ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव